# लोक सेवा आयोग

## नेपाल प्रशासन सेवा, राजस्व समूह, राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरह (अप्राविधिक) पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

मितिः- २०८०।१०।१८

समयः ३ घण्टा | पत्रःद्वितीय | पूर्णाङ्कः- १००

बिषयः सेवा सम्बन्धी

तलका प्रश्नहरूको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

१. वि.सं. २०४० को दशकको अन्त्यतिर नेपालको राजनैतिक प्रणालीमा परिवर्तन आयो। यसै बेला बिश्वब्यापी रुपमा आर्थिक उदारीकरणको लहर चल्न शुरु गऱ्यो। राजनैतिक प्रणालीको परिवर्तन सँगसँगै नेपालमा पनि आर्थिक उदारीकरणको लहरले प्रवेश पायो। आठौं पञ्चवर्षीय योजनाले त खुलेर नै आर्थिक उदारीकरण र खुला अर्थतन्त्रको अवलम्बन गर्न मार्गचित्र बनायो। अर्थतन्त्रका हरेक गतिबिधिमा सरकारको संलग्नता कम गर्ने र निजी क्षेत्रको संलग्नता र सहभागिता बढाउने नीतिहरू कार्यान्वयन गर्न प्रस्ताव गरिए। आर्थिक बृद्धिसँगै रोजगारी सृजनाले प्रमुख प्राथमिकता पायो। त्यस बखतदेखि अहिलेसम्मका सबै आवधिक योजनाहरू, नेपाल सरकारले संसदमा पेश गर्ने नीति तथा कार्यक्रमहरू र वार्षिक बजेटहरूमा रोजगारीका अवसर सृजना गर्ने बिषयले प्राथमिकता पाउँदै आइरहेको जगजाहेर नै छ।

वि.सं. २०६० को शुरुवाती वर्षहरूमा नेपालको राजनैतिक प्रणालीमा फेरि परिवर्तन गरिए पनि आर्थिक नीतिमा परिवर्तन गरिएन। बरु, नेपालको आर्थिक बृद्धिको गति सुस्त रह्यो, रोजगारीका अवसर सृजना हुन नसकी रोजगारी बृद्धि हुन सकेन। त्यस पश्चात् गाउँहरू नै रित्तो हुने गरी दैनिक सयौंको संख्यामा नेपालीहरू रोजगारीको लागि बिदेशिनुपर्ने अवस्था आयो। यो प्रवृत्ति दिनानुदिन बढोत्तरी हुँदै गएको सन्दर्भमा रोजगारीका अवसरहरूको सृजना भई रोजगारीमा अभिबृद्धि नहुनुको प्रमुख कारण र समस्याहरू पहिचान गरी रोजगारीको समस्या समाधान गर्न अवलम्बन गर्नुपर्ने प्रमुख नीतिहरू तथा कार्यनीतिहरू सिफारिस गर्नुहोस्। 15

२. नेपालको अर्थतन्त्रमा देखापरेको बाह्य क्षेत्रको समस्यामा केही सुधार भए तापनि आर्थिक क्रियाकलापमा आएको शिथिलताले सार्वजनिक वित्तमा समस्या देखिएका छन्। विश्व अर्थतन्त्रमा देखापरेको आर्थिक संकटको प्रभावबाट नेपालको अर्थतन्त्र पनि अछुतो रहेन। एकातिर राजश्व असुली घट्दो छ भने अर्कोतर्फ चालु खर्च, साँवा ब्याज भुक्तानी तथा सामाजिक सुरक्षा वापतको खर्च बढ्दै जाँदा नेपालको सार्वजनिक वित्त व्यवस्थापन चुनौतीपूर्ण हुँदै गएको छ। राजश्व बृद्धि कुल गार्हस्थ्य उत्पादनसँग कर राजश्वको अनुपात घटिरहेको छ। सार्वजनिक ऋणको आधार बढ्दै गएको छ। वैदेशिक साँवा ब्याज भुक्तानीको आकार वार्षिक रुपमा निरन्तर बढ्दै गई पूँजीगत खर्चलाई समेत उछिनिसकेको अवस्था छ। त्यसैगरी निवृत्तिभरण तथा विभिन्न किसिमको सामाजिक सुरक्षामा समेटिएको करीब ३८ लाख जनसंख्यालाई दिइने सामाजिक सुरक्षा सामाजिक संरक्षणको कार्यक्रममा हुने खर्च वार्षिक रु.३ खर्बभन्दा बढी पुगेको छ। विगत एक दशकमा कुल गार्हस्थ्य उत्पादन २.४ गुणाले मात्र बढ्दा चालु खर्च भने चार गुणाले बढेको अवस्था छ। उपर्युक्त किसिमका खर्चमा भएको बृद्धिले गर्दा पूँजीगत खर्चको आकार घटिरहेको देखिन्छ। उपर्युक्त परिदृश्यको सन्दर्भमा सार्वजनिक वित्त व्यवस्थापनमा देखिएका प्रमुख समस्याको पहिचान गर्दै कुल खर्चमा अन्य खर्चहरूको अंश घटाई पूँजीगत खर्चको आकार बढाउने रणनीतिक सोँच तयार गर्नुहोस। ती रणनीतिक सोँचलाई कसरी व्यवहारमा सफलीभूत पार्न सकिन्छ ? सुधारको खाका प्रस्तुत गर्नुहोस्। 20

३. नेपालको आर्थिक कूटनीति सञ्चालन गर्ने प्रमुख निकाय परराष्ट्र मन्त्रालय र विदेशस्थित नियोगहरू हुन्। आर्थिक कुटनीति बहुआयामिक बिषय भएकोले यसको सञ्चालनमा अर्थ मन्त्रालय, उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय एवं संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सहयोगी भूमिका पनि उत्तिकै आवश्यक हुन्छ। साथै, विदेशमा काम गर्ने नेपालीहरूको संख्यामा समेत उल्लेख्य बृद्धि भइरहेको सन्दर्भमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको भूमिका पनि महत्वपूर्ण हुने देखिन्छ। तर विदेशस्थित नियोगहरूले आर्थिक कूटनीति सञ्चालन गर्ने क्रममा परराष्ट्र मन्त्रालयबाहेक अन्य निकायहरूसँग प्रायः समन्वय गर्दैनन् भन्ने सुनिन्छ। साथै, विदेशी नियोगले नेपालमा सबै जसो सम्पर्क परराष्ट्र मन्त्रालयमार्फत् गर्नुपर्ने, परराष्ट्र

क्रमशः

मन्त्रालयले आर्थिक कूटनीतिको सबै पक्षमा काम गर्न नसक्ने साथै बिषयगत बिज्ञता पनि नहुने हुँदा आर्थिक कूटनीतिका धेरै पक्षहरू ओझेलमा पर्दै आएकोले अपेक्षित प्रतिफल प्राप्त हुन नसकेको भन्ने सुन्नमा आउने गरेको छ।

यस परिप्रेक्ष्यमा आर्थिक कूटनीति सञ्चालनमा देखिएका मूलभूत समस्याको पहिचान गरी उल्लिखित अन्य निकायहरुको भूमिका के कस्तो हुनुपर्ला ? विश्लेषणात्मक धारणा प्रस्तुत गर्दै यसलाई सफलतापूर्वक सञ्चालन गर्न गर्नुपर्ने संस्थागत, संरचनागत र प्रक्रियागत सुधारका बारेमा सुझाब प्रस्तुत गर्नुहोस्। 5+8+7=20

४. कोभिड-१९ पछि मुलुकको आर्थिक अवस्था खस्कँदै गएको महशुस गरी केही वित्त र मौद्रिक सहुलियतका कार्यक्रम नेपाल सरकारले अगाडि सारेको देखिन्छ। सरकारले वित्त नीतिमार्फत् र केन्द्रिय बैंकले मौद्रिक नीतिमार्फत् घोषणा गरेका राहतका कारण बैंक तथा वित्तीय संस्थाहरूले तीव्र रुपमा कर्जा विस्तार गरेका थिए। यसरी बढेको कर्जाको उत्पादनशील उपयोग हुन नसकेको कारण समग्र वित्तीय क्षेत्रमा नै जोखिम आउनसक्ने अवस्था उत्पन्न हुँदै गयो। समग्र आर्थिक क्रियाकलापमा देखिँदै गएको मन्दीलाई व्यवस्थापन गर्न वित्त नीतिको नियामक र मौद्रिक नीतिको नियामक निकायबीच सार्थक सहकार्यको अभाव रहेको देखियो। वित्त नीति प्रभावकारी हुन नसकी आर्थिक अवस्थामा देखिएको शिथिलताले राजश्व परिचालन कमजोर हुँदै गएको छ भने मौद्रिक नीतिले पनि समग्र वित्तीय क्षेत्रलाई सम्बोधन गर्न सकेको छैन। अन्तर्राष्ट्रिय मुद्रा कोषले पनि नेपालमा मौद्रिक नीतिको प्रभावकारीता अझै पनि कमजोर भएको जनाएको छ। विशेषगरी मूल्य नियन्त्रण गर्न र वित्तीय प्रणालीमा रहेको वासलातहरूलाई सुधार गर्न नसकेको विषयलाई कोषले उजागर गरेको छ। नेपालले कोषसँग माग गरेको विस्तारित कर्जा सुविधा (Extended Credit Facility -ECF) का लागि नेपालले गरेको सुधार प्रतिबद्धतालाई अझ प्रभावकारी बनाउन कोषले आग्रह गरेको छ। साथै, कोषले वित्तीय क्षेत्र र कर सुधारका उपायहरूसमेत सिफारिश गर्ने गरेको छ।

माथि प्रस्तुत समस्या आउनुका मूलभूत कारणहरूको विश्लेषण गर्दै अन्तर्राष्ट्रिय मुद्रा कोषबाट नेपालले प्राप्त गर्ने विस्तारित कर्जा सुविधाका लागि राखेका नीतिगत र संरचनागत सुधारका क्षेत्रहरूको विवेचना गर्नुहोस्। पछिल्लो समयमा कोषले नेपालको वित्तीय क्षेत्रमा गरेको सुधारको अवस्थालाई मूल्याङ्कन गर्दै समस्या समाधानको लागि सुधारको मार्गचित्र प्रस्तुत गर्नुहोस्। 5+10+5=20

५. आयकर ऐन, २०५८ कार्यान्वयनमा आएको दुई दशकभन्दा बढी भइसकेको छ। करदाताले आयको गणना गर्दा हुन सक्ने कर चुहावटलाई रोक्न कर कानूनमा राखिएको प्रावधानहरूको बुझाइ एवं व्याख्यामा एकरुपता नहुने गरेकोले कर विवाद हुने गरेको छ। कर अधिकृतले निर्धारित राजश्वको लक्ष्य हासिल गर्न थप कर लगाउने गरेकोले कर प्रशासन करदातामैत्री नभएको भन्ने बुझाइ करदातामा रहेको छ। करदाताले पनि कर कम गर्ने गरी कर कानूनको ब्याख्या गर्ने र कर छल्ने योजना गर्ने भन्ने बुझाइ कर अधिकृतको रहेको कारण कर विवाद बढ्दै गएको छ।

करदाताले आयकर ऐन, २०५८ बमोजिम आफूले तिर्नुपर्ने करको रकम आफैंले निर्धारण गरी आय विवरण कर प्रशासनमा बुझाउनुपर्ने हुन्छ। कर प्रशासनले प्राप्त गरेको आय विवरणमाथि छानबिन गरी संशोधित कर निर्धारण गर्न सक्ने र सो उपर चित्त नबुझ्ने करदाता प्रशासकीय पुनरावलोकनमा जान सक्दछ। प्रशासकीय पुनरावलोकनको निर्णयमा चित्त नबुझेमा करदाता राजश्व न्यायाधिकरणमा पुनरावेदनका लागि जान सक्ने प्रावधान आयकर ऐनले गरेको छ। आन्तरिक राजश्व विभागको वार्षिक प्रतिवेदन (२०८०) अनुसार कुल बक्यौता रु. १ खर्ब १३ अर्ब ७ करोड ५८ लाख रहेको छ भने कर प्रशासनबाट भएको कर निर्धारण उपर चित्त नबुझाई आन्तरिक राजश्व विभागमा प्रशासकीय पुनरावलोकनमा रहेको तथा अन्य न्यायिक निकायमा पुनरावलोकनमा रहेको विवादित रकम रु. १ खर्ब ४५ अर्ब ७७ करोड ८९ लाख रहेको छ। यस प्रकार कुल रकम रु. २ खर्ब ५८ अर्ब ८५ करोड ४७ लाख विवादित रकमसहितको राजश्व बक्यौता रहेको छ। प्रशासकीय पुनरावलोकन परेका निवेदन फछ्र्यौटको दर कम रहेको छ। आ.व. २०७८/७९ र २०७९/८० मा निर्णय हुन नसकी आगामी आ.व. को लागि जिम्मेवारी सरेको निवेदन संख्या क्रमशः १२९५ र १३२० रहेको छ।

कुनै व्यक्तिले कर प्रशासनमा जानाजानी वा लापरवाहीपूर्वक नभई भुलबशः झुट्टा वा भ्रमपूर्ण विवरण दाखिला गरेको रहेछ भने त्यसबाट हुने घटी कर रकमको पचास प्रतिशत शुल्क लाग्ने व्यवस्था रहेको छ। तर, जानाजानी वा लापरवाहीपूर्वक गरेको कारणले झुट्टा वा भ्रमपूर्ण विवरण दाखिला गरेको रहेछ भने त्यसबाट हुने घटी कर रकमको शत प्रतिशत शुल्क लाग्ने व्यवस्था छ (दफा १२०)। झुट्टा वा भ्रमपूर्ण विवरण दाखिला गर्ने व्यक्तिलाई रु. ४० हजारदेखि १ लाख ६० हजारसम्म जरिवाना वा छ

क्रमशः

महिनादेखि २ वर्षसम्म कैद वा दुबै सजाय हुने व्यवस्थासमेत रहेको छ (दफा १२४)। उल्लिखित कसूर गर्न सल्लाह दिने वा दुरुत्साहन गर्ने वा झुट्टा वित्तीय वा कर लेखा प्रमाणित गर्ने वा गलत परामर्श दिने व्यक्तिलाई कसूरदारलाई हुने सजायको आधा सजाय हुने तर यस्तो मतियार सरकारी कर्मचारी भएमा कसूरदारलाई हुने सजाय बराबर सजाय हुन्छ (दफा १२७)। उल्लिखित कसूर सम्बन्धी मुद्दा जिल्ला अदालत समक्ष दायर गर्नुपर्ने हुन्छ (दफा १३१)। झुट्टा वा भ्रमपूर्ण विवरण दाखिला गर्ने व्यक्तिले अदालती कारबाहीको प्रक्रिया शुरु हुनु अगावै निजले गरेको कसूर स्वीकार गरेमा तोकिएको जरिवाना रकम दाखिला गर्न कर प्रशासनले आदेश दिन सक्ने व्यवस्था रहेको छ (दफा १२९)। कर अधिकृतले झुट्टा वा भ्रमपूर्ण विवरणलाई प्रायशः जानाजानी वा लापरवाहीपूर्वक भएको ठहर गरी शत प्रतिशत शुल्क निर्धारण गर्ने तर सो कसूरबापत अदालती कारबाहीमा जाने गरेको प्रचलनमा देखिँदैन।

आन्तरिक राजस्व विभागले नीति विश्लेषण तथा विश्लेषण महाशाखा अन्तर्गतको आन्तरिक पुनरावलोकन शाखाले आन्तरिक राजस्व कार्यालयबाट सम्पन्न भएका कर परीक्षणका फाईलहरूमध्येबाट छनौट गरी प्रचलित आयकर, मु.अ.कर तथा अन्तःशुल्क ऐन, नियम, निर्देशिका एवं विभागीय परिपत्रमा भएको व्यवस्थाको पालना भए नभएको तथा गुणस्तरीयरुपमा कर परीक्षण गरे नगरेको छानबिन गर्ने र थप कारबाही र सुधार गर्नुपर्ने विषयमा निर्देशन आदेश दिने कार्य गर्दछ। संचालन महाशाखा अन्तर्गत रहेको कर फिर्ता शाखा, अनुगमन तथा मूल्याङ्कन शाखा र कर परीक्षण व्यवस्थापन शाखा तथा महानिर्देशकको सिधा सम्पर्कमा रहेको प्रशासकीय पुनरावलोकन शाखाबीच समन्वय र अन्तरसम्बन्ध हुने गरी संरचना नहुँदा यी बेग्लाबेग्लै शाखाबाट अनुगमन, कर परीक्षणको दौरानमा देखिएका समस्याहरू वा सवालहरू वा प्रशासकीय पुनरावलोकन वा राजस्व न्यायाधिकरणको फैसलाबाट उठेका सवालहरूको विवरण तयार गरी तिनको विश्लेषण पश्चात् सुधार गर्नुपर्ने बिषयमा यस शाखाले ठोस कार्य गरेको छैन।

कर कानूनमा रहेको प्रावधानलाई प्रभावकारी कार्यान्वयन गरी माथि उल्लिखित अवस्थालाई सम्बोधन गर्न सकिएमा कर प्रशासनको कार्य सम्पादनमा सुधार आउने र कर विवाद घटाउन सहयोग पुग्ने देखी तपाईलाई आन्तरिक राजस्व विभागको नीति विश्लेषण तथा विश्लेषण महाशाखा अन्तर्गतको आन्तरिक पुनरावलोकन शाखाको निर्देशक (रा.प.द्वितीय) पदको जिम्मेवारी दिइएको छ। उक्त जिम्मेवारीमा रही उल्लेख गरिएको मामिलाको वस्तुनिष्ठ तरिकाले चुनौती र समस्याको विश्लेषण गर्नुहोस्। साथै, कर विवाद घटाउन तपाईले के कस्ता रणनीतिहरु अख्तियार गर्नुहुन्छ ? कर कानूनमा रहेको प्रावधानलाई प्रभावकारी कार्यान्वयन गरी समस्याको समाधान गर्न विस्तृत योजनासमेत प्रस्तुत गर्नुहोस्। 25

««« समाप्त »»»